# बैठक नं: 62

आजमिति २०७६ साल श्रावण २६ गते यस भेरीगंगा नगरपालिकाका का.वा. नगर प्रमुख श्री रेणु आचार्यको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री रेणु आचार्य, का.वा. नगर प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्दबहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार,वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदमबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मानबहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षाविक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिमकुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिमबहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री कमलप्रसाद पौडेल,(सचिव)प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशमबहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान बहादुर ठाडा, लेखाअधिकृत
श्री शिशिर कुमार खड्का, योजना तथा अनुगमन अधिकृत
श्री विजय खत्री, ईन्जिनियर
श्री कुलबहादुर खड्का, ना.सु.
श्री मोतिलाल प्रसाद गुप्ता, सव-ईन्जिनियर
श्री लक्ष्मीप्रसाद आपकोटा, कार्यालय सहयोगी

**प्रस्तावहरु**

**१. नगर दररेट सम्बन्धमा ।**

**२ : जग्गा उपलब्ध गराउने सम्बन्धमा ।**

**३ : अस्थायी प्रहरी पोष्ट राख्ने सम्बन्धमा ।**

**४ : सार्वजनिक जग्गाको पहिचान सम्बन्धमा ।**

**५ : गिट्टी बालुवा टेण्डर सम्बन्धमा ।**

**६ : कर्णाली प्रदेश योजना आयोगमा योजना छनौट गरि पठाउने सम्बन्धमा ।**

**७ : नगर कृषी हाट बजार निर्माण गर्ने सम्बन्धमा ।**

निर्णयहरु

निर्णय नं. १ : प्रस्ताव नं. १ मा व्यापक छलफल गर्दा यस भेरीगंगा नगरपालिकाको आ.व. २०७६/०७७ सालको लागि स्थानीय स्तरको दररेट निर्धारण गर्नका लागि गठित समितिले पेश गरेको यस भेरीगंगा नगरपालिकाको न्यूनतम दररेट माथि व्यापक छलफल भई पेश भएबमोजिमको नगर दररेट सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ को सन्दर्भमा छलफल गर्दा यस भेरीगंगा नगरपालिकामा जिल्ला प्रहरी कार्यालय सुर्खेतको च.नं. २१६८, मिति २०७६।३।१० गतेको प्राप्त पत्र बमोजिम संघीय ईकाइ प्रहरी कार्यालयका लागि ३ विघा, कर्णाली प्रदेश दंगा नियन्त्रण गण मुख्यालय सुर्खेतको लागि ७ विघा आसारको लागि २ विघा गरी १२ विघा जग्गा वडा न. ८ को मैनतडामा जग्गा दिने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ मा छलफल गर्दा यस भेरीगंगा नगरपालिकाको वडा नं. २ मोहटीमा अस्थायी प्रहरी विट स्थापना गर्नका लागि जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ मा छलफल गर्दा यस भेरीगंगा नगरपालिका वडा नं. १० र १२ अर्न्तगत रहेका सार्वजनिक जग्गाहरु नगरपालिकाको नापीशाखाका प्राविधिकहरु खटाई पहिचान गरि अभिलेखीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ मा व्यापक छलफल गर्दा गत आर्थिक वर्षको प्रारम्भिक वातावरणीय परिक्षण ( IEE) प्रतिवेदन का आधारमा यस आ.व. को लागि उक्त प्रतिवेदनले तोकेको परिमाणलाई आधार मानी उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश बाट अनुमती लीई सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ मा छलफल गर्दा कर्णाली प्रदेश योजना आयोगको च.नं. ०८ मिति २०७६।०४।१५ गतेको पत्रमा माग भएबमोजिम देहायबमोजिमका योजनाहरु प्राथमिकिकरण गरि पठाउने निर्णय गरियो ।

१) हर्रे मनिरामकाँडा सडक

२) नगरकार्यपालिकाको भवन

३) मैनतडा रंगशाला

निर्णय नं. ७ : प्रस्ताव नं. ७ मा छलफल गर्दा यस नगरपालिकाको वडा नं.१० मा नगर कृषी हाट बजार निर्माण गर्नका लागि कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) लाई जग्गा उपलब्ध गराउने तथा सो कार्यका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन अनुरोध गर्ने निर्णय गरियो ।